# मार्मा गाउँपालिका राजपत्र

खण्डः९ सङ्ख्याः२ मितिः २०८३/०३/१०

## भागः १

# आर्थिक ऐन, २०८३

गाउँ सभामा पेश मितिः २०८३/०३/१०

गाउँ सभाबाट पारित मितिः २०८३/०३/१०

प्रमाणिकरण मितिः २०८३/०३/१०

राजपत्रमा प्रकाशित मितिः २०८३/०३/१०

मार्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लटिनाथ, दार्चुला

## विषयसूची

प्रस्तावनाः ........ ४

१. संक्षिप्त नाम र प्रारम्भः ........ ४

२. सम्पति करः ........ ४

३. भूमि कर (मालपोत): ........ ४

४. घर वहाल करः ........ ५

५. व्यवसाय करः ........ ५

६. बिक्री तथा निकासी शुल्कः ........ ५

७. जडिबुटी, कवाडी र जीवजन्तु करः ........ ६

८. विज्ञापन करः ........ ६

९. मनोरन्जन करः ........ ६

१०. बहाल बिटौरी शुल्कः ........ ६

११. पार्किङ शुल्कः ........ ६

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, ........ ६

१३. सेवा शुल्क, दस्तुरः ........ ६

१४. पर्यटन शुल्कः ........ ६

१५. १. कर छुटः ........ ६

२.दण्ड जरिवानाः ........ ७

१६. प्रचलित कानून बमोजिम हुनेः ........ ७

१७. दर घटाउन, बढाउन वा छुट दिन सक्नेः ........ ७

१८. कार्यविधि बनाउन सक्नेः ........ ७

१९.बाधा अड्काउ फुकाउ ........ ७

२०. खारेजीः ........ ७

अनुसूचीहरू ........ ८

अनुसूची -१ ........ ८

सम्पत्ति करको दर................................................................................................ ८
अनुसूची २ .........................................................................................................९
मालपोत/भूमिकर...................................................................................................९
अनुसूची -३ ...................................................................................................... १३
घर जग्गा बहाल करको दर..................................................................................१३
अनुसूची -४ ........................................................................................................ १३
व्यवसाय दर्ता तथा नविकरण ................................................................................ १३
१. सूर्तीजन्य पदार्थ.........................................................................................१४
२. मदिरा व्यवसाय.........................................................................................१४
३.अन्य दैनिक उपभोग्य, तयारी पोषाक, स्टेशनरी र इलेक्ट्रोनिस्क सम्बन्धी कारोबार भएका पसलहरु१४
४. होटल व्यवसाय......................................................................................... १६
५. घरेलु तथा साना उद्योग व्यवसाय.............................................................. १६
६. विशेषज्ञ परामर्श सेवा व्यवसाय.................................................................१७
७. सञ्चार सेवा व्यवसाय...............................................................................१८
८. बैङ्क तथा वित्तीय संस्था ...........................................................................१८
९. स्वास्थ्य सेवा व्यवसाय/औषधी पसल ........................................................१८
१०. शिक्षा सेवा व्यवसाय ..............................................................................१९
११. निर्माण व्यवसाय.....................................................................................१९
१२. गैर सरकारी संस्थाहरु ............................................................................१९
१३. व्यवसाय नविकरण (गाउँपालिका तथा वडा कार्यालयमा)...............................२०
१४. अटो तथा ई–रिक्सा ................................................................................२०
अनुसूची -५ .........................................................................................................
बिक्री तथा निकासी शुल्क ...................................................................................२०
अनुसूची - ६........................................................................................................ २१
जडिबुटी, कवाडी र जीवजन्तु कर.......................................................................... २१
अनुसूची - ७........................................................................................................ २२
विज्ञापन कर ........................................................................................................ २२
अनुसूची - ८........................................................................................................ २२
मनोरन्जन कर....................................................................................................... २२
अनुसूची-९ .......................................................................................................... २३
बहाल बिटौरी शुल्क.............................................................................................. २३
अनुसूची - १०...................................................................................................... २३

पार्किङ्ग शुल्क ........ २३
अनुसूची - ११ ........ २४
अनुसूची — १२ (क) ........ २४
सेवा शुल्क, दस्तुर ........ २४
१. गाउँपालिकाले विभिन्न सेवा शुल्क बापतको दस्तुर निम्न अनुसार लिनेः ........ २४
२) सिफारिस दस्तुर ........ २६
३. सरकारी सम्पतीको वहालबाट प्राप्ट आय ........ ३४
४. अन्य प्रशासनिक सेवा शुल्क ........ ३४
५. व्यक्तिगत घटना दस्तुरः सङ्केत नम्बरः १४२४४ ........ ३५
६. नाता प्रमाणित दस्तुर संङ्केत नम्बर १४२४३ ........ ३५
७. कानूनी सेवा शुल्क तथा दस्तुर ........ ३६
अनुसूची १२ (ख) ........ ३६
घर नक्सा पास दस्तुर ........ ३६
अनुसूची-१३ ........ ३७
पर्यटन शुल्क ........ ३७

# मार्मा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

**प्रस्तावनाः** मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम मार्मा गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८३" रहेको छ। (२) यो ऐन, २०८३ साल श्रावण १ गते देखि मार्मा गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

क) "ऐन" भन्नाले मार्मा गाउँपालिकाको आर्थिक ऐन, २०८३ सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले मार्मा गाउँपालिका सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले मार्मा गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

घ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्दछ।

ङ) "सभा" भन्नाले मार्मा गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

छ) "कर" भन्नाले स्थानीय सरकार संचालन ऐन अनुसार लागेको वा लाग्ने कर सम्झिनु पर्दछ ।

ज) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

**२. सम्पति करः** गाउँपालिका क्षेत्र भित्र अनुसूची-१ बमोजिम एकीकृत सम्पति कर (घर कर)/ घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची -२ बमोजिम जग्गाको मुल्याङ्कनका आधारमा भूमि कर/मालपोत लगाइने र असूल उपर गरिनेछ। (एकीकृत सम्पति कर लगाएको अवस्थामा भूमिकर नलाग्ने)

**४. घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा **अनुसूची-३** बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५. व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा दर्ता, नविकरण र खारेजी गर्दा व्यवसाय कर असूल उपर गरिनेछ।

२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रूपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नुपर्नेछ।

३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय ईजाजत, बन्द तथा दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न लाग्ने लगानी आर्थिक कारोवारको आधारमा **अनुसूची-४** मा तोकिए बमोजिम हुनेछ।

४) उपदफा (२) बमोजिमको ईजाजत बिना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाइने छैन।

**६. बिक्री तथा निकासी शुल्कः** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा, आदि प्रकृतिको एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र उत्पादन भई आफ्नो सीमा क्षेत्र भन्दा बाहिर निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, मोटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्रकारका एवम् खानीजन्य वस्तुको गाँउपालिका सीमा क्षेत्रभित्र निकासी गरे वापत **अनुसूची-५** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**७. जडिबुटी, कवाडी र जीवजन्तु कर**ः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत **अनुसूची-६** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**८. विज्ञापन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूची-७** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर**ः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा **अनुसूची-८** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हूनेछ ।

**१०. बहाल बिटौरी शुल्क**ः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसूची-९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क**ः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची -१०** बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग शुल्कः** गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरे वापत **अनुसूची-११** बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर**ः (१) गाउँपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार सेवा उपयोग गरे वापत वा उपलब्ध गराएका देहायका सम्बन्धित सेवा प्रदायक वा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर **अनुसूची-१२** बमोजिम लगाइने र असूल उपर गरिनेछ।

**१४. पर्यटन शुल्क**ः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट **अनुसूची-१३** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. १. कर छुट**ः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई सामान्यतया कुनै पनि किसिमको कर छुट दिईने छैन।

**२.दण्ड जरिवानाः** गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम हुनेछ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** (१) यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम तथा छुटफुट विषय साविक बमोजिम  र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

**१७. दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि मार्मा गाउँपालिकाले आवश्यकता अनुसार यो ऐन बमोजिम लगाएका दस्तुर, शुल्क, महसुलको दर घटाउन, बढाउन वा त्यस्तो, दस्तुर शुल्क, महसुल आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ ।

**१८. कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

२) उपदफा (१) बमोजिम वनेको कार्यविधि वा निर्देशिका सम्वन्धित कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागू हुनेछ।

**१९.बाधा अड्काउ फुकाउः** (१) यो ऐनको व्यवस्था कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउको अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**२०. खारेजीः** मार्मा गाउँपालिकाको आर्थिक ऐन, २०८२ खारेज गरिएको छ।

## अनुसूचीहरू

(ऐनको दफा २ सँग सम्बन्धित)

### अनुसूची -१
### सम्पत्ति करको दर
### राजश्व संकेतः११३१३

| सि.नं. | घर प्रकार | वर्गीकरण | दर | पुष्ट्याँई | कैफियत |
|---|---|---|---|---|---|
| १ | कच्ची घर | जस्तापातको भित्ता र छाना भएको एक तले घरको प्रति वर्ष | २५ | | सम्पति कर (घर)चालु आर्थिक वर्ष असार मसान्त सम्म तिरेमा सोही बमोजिम हुने र चालु आ.व. नाघेमा प्रत्येक वर्ष १० प्रतिशतका दरले रकम थप हुनेछ । |
| | | स्लेट (पल्टा) ले छाएको एक तले घरको प्रति वर्ष | ३० | | |
| | | स्लेट (पल्टा) ले छाएको दुई तले घरको प्रति वर्ष | ५० | | |
| | | स्लेट (पल्टा) ले छाएको तिन तले घरको प्रति वर्ष | ७५ | | |
| | | स्लेट (पल्टा) ले छाएको तिन तले भन्दा माथी घरको प्रति वर्ष | १०० | | |
| २ | पक्की घर | पक्कीघर, आर सि सि वाला प्रति कोठा | ५० | | |

(ऐनको दफा (३) ग सम्बन्धित)

## अनुसूची २

## मालपोत/भूमिकर

## राजश्व संकेतः ११३१४

गाउँपालिका क्षेत्रभित्र भूमिकर/मालपोत निम्नानुसार लगाइने र असूल उपर गरिनेछ। तर, ऐनको दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर लगाईने छैन ।

**क) जग्गाको मूल्याङ्कन दर (प्रति रोपनीमा)**

| वडा नं. | जग्गाको प्रकार | जग्गा विरण | न्यूनतम मूल्याङ्कन रु | कैफियत |
|---|---|---|---|---|
| १ | खेत तर्फ | सिम गुल्जर (१-४, ६-९) | ३८५०० | |
| | | चाहार गुल्जर (१-४, ६-९) | ३६५०० | |
| | पाखो तर्फ | सिम गुल्जर (१-४, ६-९) | २४५०० | |
| | | चाहार गुल्जर (१-४, ६-९) | २३००० | |
| | | खर गुल्जर (१-४, ६-९) | १४००० | |
| २ | खेत तर्फ | अब्बल लटीनाथ (१-५) | ८२५०० | |
| | | दोयम लटीनाथ (१-५) | ७६५०० | |
| | | सीम लटीनाथ (१-५) | ७०५०० | |
| | | चाहार लटीनाथ (१-५) | ५९५०० | |
| | पाखो तर्फ | दोयम लटीनाथ (१-५) | ५७५०० | |
| | | सीम लटीनाथ (१-५) | ५०००० | |
| | | चाहार लटीनाथ (१-५) | ४६००० | |
| | | खर लटीनाथ (१-५) | २८००० | |
| | बिटुले लटिनाथ पारिबगड सडक दायाँ बायाँ (५०० मिटर सम्म) | सबै किसिमका जग्गाहरु (१-५) | ४००००० | |
| ३ | खेत तर्फ | अब्बल लटीनाथ (६-९) | ८२५०० | |
| | | दोयम लटीनाथ (६-९) | ७६५०० | |
| | | सीम लटीनाथ (६-९) | ७०५०० | |
| | | चाहार लटीनाथ (६-९) | ५९५०० | |

| वडा नं. | जग्गाको प्रकार | जग्गा विरण | न्यनतम् मुल्याङ्कन रु | कैपियत |
|---|---|---|---|---|
| ३ | पाखो तर्फ | दोयम लटीनाथ (६-९) | ५७५०० | |
| | | सीम लटीनाथ (६-९) | ५०००० | |
| | | चाहार लटीनाथ (६-९) | ४६००० | |
| | | खर लटीनाथ (६-९) | २८००० | |
| | बिटुले लटिनाथ पारिबगड सडक दायाँ बायाँ (५०० मिटर सम्म) | सबै किसिमका जग्गाहरु (६-९) | ४२५००० | |
| ४ | खेत तर्फ | दोयम तपोवन | ५८००० | |
| | | सीम तपोवन | ५५५०० | |
| | | चाहार तपोवन | ५३५०० | |
| | पाखो तर्फ | दोयम तपोवन | ५०००० | |
| | | सीम तपोवन | ४७००० | |
| | | चाहार तपोवन | ४५००० | |
| | | खर तपोवन | २२००० | |
| | खेत तर्फ | दोयम सितोला ९ | ३३५०० | |
| | | सीम सितोला ९ | ३१५०० | |
| | | चाहार सितोला ९ | २९५०० | |
| | पाखो तर्फ | दोयम सितोला ९ | २७५०० | |
| | | सीम सितोला ९ | २५५०० | |
| | | चाहार सितोला ९ | २२५०० | |
| | | खर सितोला ९ | १२००० | |
| ५ | खेत तर्फ | दोयम सितोला १-४ | ३३५०० | |
| | | सीम सितोला १-४ | ३१५०० | |
| | | चाहार सितोला १-४ | २९५०० | |
| | पाखो तर्फ | दोयम सितोला १-४ | २७५०० | |
| | | सीम सितोला १-४ | २५५०० | |
| | | चाहार सितोला १-४ | २२५०० | |
| | | खर सितोला १-४ | १२००० | |
| ६ | खेत तर्फ | अब्बल शेरी | ८६००० | |

| वडा नं. | जग्गाको प्रकार | जग्गा विरण | न्यनतम मूल्याङ्कन रु. | कैफियत |
|---|---|---|---|---|
| ६ | खेत तर्फ | दोयम शेरी | ७९००० | |
| | | सीम शेरी | ७४००० | |
| | | चाहार शेरी | ६७००० | |
| | पाखो तर्फ | अब्बल शेरी | ७१००० | |
| | | दोयम शेरी | ६७००० | |
| | | सीम शेरी | ५९००० | |
| | | चाहार शेरी | ५५००० | |
| | | खर शेरी | २२००० | |

**नोटः-** माथि उल्लेखित मूल्याङ्कित जग्गाको तपसिल अनुसार भूमि/मालपोत कर लिइने छ।

| क्र.सं. | जग्गाको प्रकार | जग्गाको विवरण | आ.व.२०८३/०८४ | कैफियत |
|---|---|---|---|---|
| १ | पाखो तर्फ | चाहार | ५ रोपनी सम्म रु.१० र थप प्रति रोपनी रु.५ (जस्तै १५ रो.भएमा ५ को रु.१० र १०*५= ५० गरी जम्मा रु.६०) | ❖ एक आ.व. भित्र बुझाएमा तोकिए बमोजिम हुनेछ ।<br>❖ तोकिएको आ.व. भित्र नबुझाइ १ वर्ष भएमा २० प्रतिशत थप जरिवाना हुनेछ ।<br>❖ २ वर्ष भित्र नबुझाएमा ३० प्रतिशत जरिवाना थप हुनेछ ।<br>❖ ३ वा सो भन्दा बढी वर्ष भएमा ५० प्रतिशत थप जरिवाना हुनेछ । |
| | | सीम | ५ रोपनी सम्म रु.२० र थप प्रति रोपनी रु.७ (जस्तै १५ रो. ५ को रु.२० र थप १०*७=७० जम्मा रु.९०) | |
| | | दोयम | ५ रोपनी सम्म रु.२० र थप प्रति रोपनी रु.७ (जस्तै १५ रो. ५ को रु.२० र थप १०*७=७० जम्मा रु.९०) | |
| | | अब्बल | ५ रोपनी सम्म रु.२० र थप प्रति रोपनी रु.७ (जस्तै १५ रो. ५ को रु.२० र थप १०*७=७० जम्मा रु.९०) | |

| क्र.सं. | जग्गाको प्रकार | जग्गाको विवरण | आ.व.२०८३/०८४ | कैफियत |
|---|---|---|---|---|
| २ | खेत तर्फ | चाहार | ५ रोपनी सम्म रु.२० र थप प्रति रोपनी रु.७ (जस्तै १५ रो. ५ को रु.२० र थप १०*७=७०, जम्मा रु.९०) | ❖ एक आ.व. भित्र बुझाएमा तोकिए बमोजिम हुनेछ।<br>❖ तोकिएको आ.व. भित्र नबुझाइ १ वर्ष भएमा २० प्रतिशत थप जरिवाना हुनेछ।<br>❖ २ वर्ष भित्र नबुझाएमा ३० प्रतिशत जरिवाना थप हुनेछ।<br>❖ ३ वा सो भन्दा बढी वर्षभएमा ५० प्रतिशत थप जरिवाना हुनेछ। |
| | | सीम | ५ रोपनी सम्म रु.२० र थप प्रति रोपनी रु.७ (जस्तै १५ रो. ५ को रु.२० र थप १०*७=७०, जम्मा रु.९०) | |
| | | दोयम | ५ रोपनी सम्म रु.२० र थप प्रति रोपनी रु.७ (जस्तै १५ रो. ५ को रु.२० र थप १०*७= ७०, जम्मा रु.९०) | |
| ३ | बिटुले लटिनाथ पारिबगड सडक दायाँ बायाँ (५०० मिटर सम्म) | भिर पाखो बाहेक सबै किसिमका जग्गाहरु लटिनाथ (१-५) | ५ रोपनी सम्म रु.३० र थप प्रति रोपनी रु.१० (जस्तै १५ रो. ५ को रु.३० र थप १०*१०=१०० गरी जम्मा रु.१३०) | |
| ४ | बिटुले लटिनाथ पारिबगड सडक दायाँ बायाँ (५०० मिटर सम्म) | भिर पाखो बाहेक सबै किसिमका जग्गाहरु लटिनाथ (६-९) | ५ रोपनी सम्म रु.३० र थप प्रति रोपनी रु.१० (जस्तै १५ रो. ५ को रु.३० र थप १०*१०= १०० गरी जम्मा रु.१३०) | |

(ऐनको दफा (४) सँग सम्बन्धित)

## अनुसूची -३
## घर जग्गा बहाल करको दर
## राजश्व संकेत नं :११३२१

मार्मा गाउँपालिकाका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर सेट, जग्गा वा पोखरी, कारखाना, गाडी, मेसनरी औजार, डोजर लगाएत पुरै वा आंशिक तवरले साथै अन्य कुनै आम्दानी हुने गरी वहालमा दिएकोमा तपसिल बमोजिम वहाल कर लगाई असूल गर्न सकिनेछ।

- ❖ बहाल रकमको १० प्रतिशतले हुन आउने रकम वहाल कर असूल गरिनेछ।

(ऐनको दफा ५ सँग सम्बन्धित)

## अनुसूची -४
## व्यवसाय दर्ता तथा नविकरण
## राजश्व संकेतः १४६११ /१४२५३

(क) व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र व्यवसायिक प्रकृतिको आधारमा गाउँपालिकाले वार्षिक व्यवसाय कर र नवीकरण गर्दा लगाउने कर निम्नानुसार लिनेछ।

(ख) मार्मा गाउँपालिका भित्र घ वर्गको निर्माण व्यवसाय बाहेकको व्यवसाय दर्ता भएका तर नविकरण नभएका व्यवसायहरुको हकमा नविकरण नगरेको आर्थिक वर्षको नविकरण शुल्कको १० प्रतिशत थप दस्तुर लिई नविकरण गर्न सकिनेछ।

## १. सूर्तीजन्य पदार्थ

| सि.न. | विवरण | व्यवसाय कर रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वितरक ( चुरोट, सुर्ती, गुट्का, तम्बाकु) | ६००० दर्ता | ४००० | |
| २ | थोक | ५००० दर्ता | ३००० | |
| ३ | खुद्रा | ३००० दर्ता | १५०० | |

## २. मदिरा व्यवसाय

| सि.न. | विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| १ | मदिरा डिलर, सप्लायर्स एवं वितरक | २०,००० | २०,००० | |
| २ | थोक | १६,००० | १५,००० | |
| ३ | खुद्रा | १४,००० | १२,००० | |

## ३.अन्य दैनिक उपभोग्य, तयारी पोषाक, स्टेशनरी र इलेक्ट्रोनिक्स सम्बन्धी कारोबार भएका पसलहरु

| क्र.सं. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| १ | सुनचाँदी गहना बनाउने पसल | ३३०० | | |
| २ | ईलेक्ट्रिकल पसल ( घडी, केबल , डिस होम, फ्रिज मोवाईल अडियो भिडियो सौर्य ऊर्जा तथा बिजुलीका सामानहरुका पसल | • वितरकः ४१००<br>• थोक ३१००<br>• खुद्रा २५०० | | |
| ३ | पेन्टिङ तथा साईन बोर्ड पसल (आर्ट व्यवसाय) | २२०० | | |

| क्र.सं. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| ४ | फर्निचर तथा फर्निसिङ्ग उद्योग सप्लायर्स बिक्री बितरण पसल | ५००० | ३५०० | |
| ५ | हार्डवेयर/ मेसनरी पसल (सरिया सिमेन्ट रङ रोगन, खानेपानीका समान, पर्दा कार्पेट सामग्री सहितका पसलहरु | -थोक ६५००<br>- खुद्रा ३८०० | | |
| ६ | कस्मेटिक/व्युटिपार्लर्स पसल/सैलुन | ११०० | | |
| ७ | चस्मा फिटिङ तथा बिक्री पसल दर्ता | २००० | १५०० | |
| ८ | सवारी साधन मर्मत ग्यारेज/ सर्भिस सेन्टर दर्ता | ५००० | ३००० | |
| ९ | दैनिक उपभोग्य खाद्य सामग्री बेच्ने किराना तथा खुद्रा पसल | ५५० | | |
| १० | दैनिक उपभोग्य सामग्री बेच्ने किराना तथा थोक बिक्रेता पसल | २२०० | | |
| ११ | जुत्ता चप्पल पसल | ११०० | | |
| १२ | भाडा वर्तन पसल (प्लास्टिक, आल्मोनियम,स्टील लगायत सबै प्रकारका सामानहरू सहित) | २२०० | | |
| १३ | एल.पी.ग्याँस.सप्लायर्स एण्ड बिक्रेता | ५५०० | | |
| १४ | कृषि यान्त्रिक उपकरण खरिद बिक्री सप्लायर्स/ रासायनिक मल विक्रेता ईजाजत पत्र | ५००० | ३००० | |
| १५ | मासु पसल | २५०० | | |

| क.सं. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| १६ | पोल्ट्री फर्म | ३५०० | | |
| १७ | डेरी उद्योग तथा व्यवसाय पसल | १२०० | | |
| १८ | **पुस्तक/ स्टेशनरी पसल** | | | |
| | वितरक | २००० | | |
| | थोक | १५०० | | |
| | खुद्रा | १००० | | |
| १९ | गलैचा व्यवसाय | १५०० | ८०० | |

### ४. होटल व्यवसाय

| सि.न. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| १ | खाना, नास्ता खाजा पसल तथा आवास (होटल, लज) | २२०० | | |
| २ | खाना, नास्ता, खाजा पसल | ११०० | | |
| ३ | चिया र नास्ता पसल | ५५० | | |

### ५. घरेलु तथा साना उद्योग व्यवसाय

| सि.न. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| १ | फलफुल तथा तरकारी, फलफुलबाट बन्ने जुस, आइसक्रिम उद्योग/पसल | ५५० | | |
| २ | खाद्यान्न उद्योग (चाउचाउँ, चाउमिन, फास्टफुड) | ३००० | १५०० | |
| ३ | कुटानी | २२०० | ११०० | |

| सि.न. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| ४ | पिसानी | २,२०० | १,१०० | |
| ५ | ढाकाटोपी, अल्लो प्रशोधन उद्योग | ३,००० | १,५०० | |
| ६ | ग्रिल उद्योग | १६,५०० | | |
| ७ | मिनरल वाटर उद्योग | २५,००० | २०,००० | |
| ८ | तेल प्रशोर्द्धन मिल | १,१०० | | |
| ९ | साबुन उद्योग | १,२०० | | |
| १० | अन्य सबै प्रकारका साना उद्योगहरु सञ्चालन गरेमा | ३,३०० | | |

## ६. विशेषज्ञ परामर्श सेवा व्यवसाय

| सि.न. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| १ | सिलाई सेन्टर (बजारमा व्यवसाय गरी रहेकाबाट मात्र कर लिने र परम्परागत रूपमा बालफघरे गरिरहेकाबाट कर नलिने) | ११०० | | |
| २ | व्युटी पार्लर सेन्टर तथा सैलुन | १००० | | |
| ३ | छापाखाना | ११०० | | |
| ४ | टिकट काउन्टर सेवा दर्ता | ३००० | १५०० | |
| ५ | रेटलिङ व्यवसाय, घुमन्ते व्यापारी जस्तै राडीपाखी, भाडा वर्तन,कपडाहरू लगायत बिक्री गर्ने | ६०० | | प्रत्येक पटक १ महिना अवधिको पास |
| ६ | कपडा फेन्सी पसल | २२०० | | |

### ७. सञ्चार सेवा व्यवसाय

| सि.न. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | | कैफियत |
|---|---|---|---|---|
| | | दर्ता शुल्क | नविकरण शुल्क | |
| १ | निजी हुलाक कुरीयर सेवा | १५०० | | |
| २ | साईबर,फ्याक्स सेवा फोटोकपी  इमेल र ईन्टरनेट सेवा | २२०० | | |
| ३ | केवल,च्यानल प्रसारण | ३००० | | |
| ४ | कलर ल्याब फोटो स्टुडियो | १६५० | | |
| ५ | पत्रपत्रिका प्रकाशन सेवा | १५०० | | |
| ६ | एफ.एम. प्रसारण | ३००० | | |

### ८. बैङ्क तथा वित्तीय संस्था

| सि.न. | व्यवसायको प्रकृति विवरण | व्यवसाय कर रु. | नविरकण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैङ्क शाखा "क" | ८८०० | | एक आ.व. भित्र नविकरण गरेमा सोही बमोजिम र एक आ.व. पछी नविकरण गरेमा १० प्रतिशतका दरले प्रत्येक आ.व.को थप शुल्क लिई नविकरण गरिनेछ । |
| २ | विकास बैङ्क शाखा "ख" | ८८०० | | |
| ३ | फाईनान्स कम्पनी शाखा कार्यालय | ८८०० | | |
| ४ | बचत तथा ऋण सहकारी संस्था | २७५० | | |
| ५ | मनी ट्रान्सफर | २२०० | | |
| ६ | बीमा कम्पनी | ४४०० | | |
| ७ | लघु वित्त सेवा | ३३०० | | |

### ९. स्वास्थ्य सेवा व्यवसाय/औषधी पसल

| सि.न. | व्यवसायको प्रकृति विवरण | दर्ता शुल्क रु. | नविरकण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सामान्य औषधी पसल | २२०० | | |
| २ | ल्याव, एक्सरे सहितको ठूलो औषधी पसल | ४४०० | | |
| ४ | डेन्टल पसल दर्ता | ३००० | १५०० | |
| ५ | भेटनरी क्लिनिक/एग्रोभेट | १६५० | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | आयुर्वेद पसल | ८८० | | |

### १०. शिक्षा सेवा व्यवसाय

| सि.न. | व्यवसायको प्रकृति विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | निजी विद्यालय,कम्प्युटर,ट्युसन सेन्टर तथा भाषा प्रशिक्षण संस्था | ३३०० | | |

### ११. निर्माण व्यवसाय

<table>
<tr><th rowspan="2">सि.न.</th><th rowspan="2">व्यवसायको प्रकृति विवरण</th><th colspan="2">व्यवसाय कर (रु.)</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>दर्ता शुल्क</th><th>नविकरण शुल्क</th></tr>
<tr><td>१</td><td>गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा “घ” बर्ग</td><td>१७०००</td><td rowspan="5">४४००</td><td rowspan="5">❖ असोज मसान्त भित्र नविकरण गरेमा रु.४४००<br>❖ असोज देखि चैत्र मसान्त भित्र नविकरण गरेमा रु. ११०००<br>❖ आ.ब. को चैत्र समान्त सम्म पनि नविकरण नगरेमा रु.११००० को १० प्रतिशत थप गरी नविकरण गरिने</td></tr>
<tr><td>२</td><td>गाउँपालिका भित्र  कार्यालय स्थापना भएको निर्माण व्यवसायमा “ख”बर्ग</td><td>१४३००</td></tr>
<tr><td>३</td><td>गाउँपालिका भित्र कार्यालय स्थापना भएको निर्माण व्यवसायमा “ग”बर्ग</td><td>११०००</td></tr>
<tr><td>४</td><td>गाउँपालिका भित्र कार्यालय स्थापना भएको निर्माण व्यवसायमा “क” बर्ग</td><td>१६५००</td></tr>
<tr><td>५</td><td>क्रसर उद्योग  (मार्मा गाउँपालिका भित्र स्थानीय भौतिक संरचना निर्माणका लागि अनुमति बापत वार्षिक रूपमा लिने)</td><td>३००००</td></tr>
</table>

### १२. गैर सरकारी संस्थाहरु

| सि.न. | व्यवसायको प्रकृति विवरण | दर्ता शुल्क रु. | नविकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १. | राष्ट्रिय संस्था | ४००० | | |
| २. | अन्तर्राष्ट्रिय संस्था | ८००० | | |

**१३. व्यवसाय नविकरण (गाउँपालिका तथा वडा कार्यालयमा)**

| सि.नं. | विवरण | दर रु. | पुष्ट्याँई | कैफियत |
|---|---|---|---|---|
| १. | १ लाख सम्मको | १०० | | |
| २. | १ लाख देखि ५ लाख सम्मको | ४०० | | |
| ३. | ५ लाख देखि १० लाख सम्मको | ५०० | | |
| ४. | १० लाख देखि १५ लाख सम्मको | ७०० | | |
| ५. | १५ लाख देखि २० लाख सम्मको | ८०० | | |
| ६. | २० लाख देखि ५० लाख सम्मको | ९०० | | |
| ७. | ५० लाख देखि माथिको | १३०० | | |

**१४. अटो तथा ई-रिक्सा दर्ता शुल्कः-** रु. १०,०००

नविकरण शुल्कः- रु. ५,०००

(ऐनको दफा (६) सँग सम्बन्धित)

**अनुसूची-५**

**बिक्री तथा निकासी शुल्क**

**राजस्व सङ्केतः** ३३३६६

| सि.नं. | वस्तुहरू | वर्गीकरण | दर (रु.) मा | पुष्ट्याँई | कैफियत |
|---|---|---|---|---|---|
| १. | मार्मा गाउँपालिका क्षेत्र भित्र रहेका चौलानी नदी, नौगाड खोला, घट्टेगाड, रीलपहिरो अन्य नदीनाला लगायत आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा वापत | ढुङ्गा, गिट्टी, रोडा, ग्रावेल, चट्टान, स्लेट, बालुवा, चिप्स प्रति घन फिट | ४ | | |
| | | माटो ( भरौ, बलौट) प्रति घन फिट | ३ | | |
| | | कटिङ्ग ढुङ्गा प्रति घन फिट | ३ | | |
| | | चुन ढुङ्गा र खरि ढुङ्गा प्रति मेट्रिक टन | ४० | | |
| | | दहत्तर बहत्तर प्रति किलोग्राम | १ | | |

अन्य प्रदेश कानून बमोजिम हुनेछ।

## अनुसूची - ६

## जडिबुटी, कवाडी र जीवजन्तु कर

## राजश्व संकेतः ११६३२/११६३१

**१. प्रचलित कानूनले निषेधित गरेका बाहेक मरेका वा मारिएका पशु, जीवजन्तु र पन्छी आदि सँग सम्बन्धित निम्न वस्तुहरुको करः**

ऊन, खोटो, जडीबुटी वनकस, कवाडी माल जीव जन्तु वाहेकका अन्य मृत वा मासिएका जीव जन्तुको सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार वापत जडीबुटी कवाडी र जीवजन्तु कर लाग्नेछ। उल्लेखित माल समानका हकमा निम्न बमोजिम हुने साथै संकलन गर्ने कार्यविधि मार्मा गाउँपालिका, गाउँ कार्यपालिकाले तोक्न सक्नेछ।

क) कागज जन्य सामानको लागि प्रति किलो ग्राम रु. १.५

ख) फलाम स्टिल जन्य सामान प्रति किलो ग्राम रु. २.५

ग) भेडाबाख्रा,खसी, बोका निकासी प्रति गोटा रु. ५०

घ) गाई गोरु भैसी राँगो निकासी प्रति गोटा रु. ३००

ङ) सुङर बंगुर निकासी प्रति गोटा रु.१००

च) कुखुरा निकासी प्रति गोटा रु.५

छ) जडीबुटी निकासीमा रोयल्टी रकमको १० प्रतिशत

ज) चौरी,खच्चड र घोडा प्रतिगोटा रु.३००

झ) डोका, डालो प्रति रु. २

ञ) मट्टो प्रति रु.२०

ट) सुप्पो प्रति रु.५

(**नोटः** गा.पा. बाहिर निकासी तथा आयात गर्दा व्यापारीबाट असुल गरिनेछ।)

(ऐनको दफा ८ सँग सम्बन्धित)

## अनुसूची - ७

## विज्ञापन कर

## राजश्व संकेतः३३३४३

## प्रदेश कानून बमोजिम हुनेछ

| सि.नं. | वर्गीकरण | वार्षिक दररेट | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | प्रति वर्ग फुट १५० | | |
| २ | पर्खाल भित्ता आदिमा लेखिएको भित्तेलेखन | प्रति वर्ग फुट १०० | | |
| ३ | पर्खाल भित्ता, पोल र सार्वजनिक स्थल आदिमा पर्चा टाँस गरेको प्रति A 4 Size Paper | प्रति वर्ग फुट ७ | | |
| ४ | गाडीमा टाँस गरिएको व्यानर | प्रति वर्ग फुर्ट १५० | | |
| ५ | आकासमा टाँस गरिने — व्यानर | प्रति वर्ग फुर्ट १५० | | |
| ६ | होडिङ बोर्ड, साइन बोर्ड | प्रति वर्ग फुर्ट २५० | | |

(ऐनको दफा ९ सँग सम्बन्धित)

## अनुसूची - ८

## मनोरन्जन कर

## राजश्व संकेतः३३३४२

## प्रदेश कानून बमोजिम हुनेछ

| सि.नं. | विवरण | वर्गीकरण | दर रेट | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १. | मेला महोत्सव जादु, सर्कल, चटक लगायत मनोरन्जनका कार्यक्रम संचालकबाट | ❖ १ दिन सम्मको,<br>❖ ३ दिन सम्मको,<br>❖ ५दिन सम्मको,<br>❖ ७ दिन सम्मको,<br>❖ ८ दिन देखि १५ दिन सम्मको,<br>❖ १६ देखि ३० दिन सम्मको, | १०००<br>२०००<br>३०००<br>४०००<br>६०००<br>१०००० | | |

(ऐनको दफा १० सँग सम्बन्धित)

**अनुसूची-९**

**बहाल बिटौरी शुल्क**

**राजश्व संकेत नम्बरः** ११३१८

| सि.नं. | बहाल विरौटी शुल्क | वर्गिकरण | दर | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका, वडा कार्यालय, विषयगत शाखाहरुको हल भाडा प्रति दिन | कार्यालयको प्रोजेक्टर प्रयोग नगरेमा | १००० | | गा.पा. वडा कार्यालय, विषयगत शाखाहरुले संचालन गरेका कार्यक्रमहरुमा हल भाडा नलाग्ने तर गा.पा. सँग साझेदारी र समन्वय गरी कार्यक्रम गर्ने गाउँपालिका बाहिरका कार्यालय,संघ संस्थाहरुलाई हल भाडा लाग्नेछ । |
| | | कार्यालयको प्रोजेक्टर प्रयोग गरेमा | १५०० | | |

(ऐनको दफा ११ सँग सम्बन्धित)

**अनुसूची - १०**

**पार्किङ्ग शुल्क**

**राजश्व संकेतः** १४२४१

१मार्मा गाउँपालिका क्षेत्र भित्र यातायातका साधन प्रवेश तथा पार्किङ गरेवापत दैनिक निम्न वमोजिम शुल्क सङ्कलन गर्ने।

| सि.नं. | सवारी साधनको नाम | दर रेट प्रति दिन | अनुमानित संख्या | पुष्टयाँई | कैफियत |
|---|---|---|---|---|---|
| १. | बाईक | ५ | | | |
| २. | कार | १० | | | |
| ३. | बस/ट्रक | १० | | | |
| ४. | टयाक्टर | १५ | | | |
| ५. | अन्य ह्याभी साधन | १५ | | | |

(ऐनको दफा १२ सँग सम्बन्धित)

**अनुसूची - ११**

**ट्रेकिङ्ग, कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिङ्ग,जिपफ्लायर र र्याफ्टीङ्ग शुलक**

**प्रदेश कानून बमोजिम हुनेछ**

**राजश्व संकेतः३३३४२**

| सि.नं. | विवरण | दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | ट्रेकिङ्ग, ऱ्याफ्टिङ्ग कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर व्यवसाय सञ्चालन गरे वापत | ५००० | | |

(ऐनको दफा १३ सँग सम्बन्धित)

**अनुसूची — १२ (क)**

**सेवा शुल्क, दस्तुर**

**राजश्व संकेतः** १४२२९

**१. गाउँपालिकाले विभिन्न सेवा शुल्क बापतको दस्तुर निम्न अनुसार लिनेः**

| सि.न. | विवरण | दर (रु.) | अनुमानित संख्या | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | भवन अभिलेखिकरण | १५०० | | | |
| २ | जलस्रोत दर्ता प्रमाणपत्र | ६०० | | | |
| ३ | जलस्रोत प्रमाणपत्र नविकरण | ३०० | | | असोज मसान्तपछि दोब्बर र आ.व. समाप्तपछि भदौ मसान्तसम्म १०% थप जरिवाना |
| ४ | घरको अभिलेखिकरण प्रति तला प्रति वर्ग फिट | १० | | | |

| सि.न. | विवरण | दर (रु.) | अनुमानित संख्या | पुष्टयाई | कैफियत |
|---|---|---|---|---|---|
| ५ | रिठा,तेजपत्ती,पातहरु तथा अन्य कानूनले बन्देज नगरेका जडिबुटी निकासी वाफत | प्रति कि.ग्रा. रु.१ का दरले | | | खरिद गर्ने व्यापारी बाट लिने |
| ६ | घर नक्सा बनाउन कन्सल्टेन्सी खोल्ने अनुमती | २५००० | | | |
| ७ | घर नक्सा बनाउन कन्सल्टेन्सी खोल्न अनुमति नविकरण | ५००० | व्यवसाय | | |
| ८ | भिडियो सिनेमा डकुमेन्ट्री सिफारिस | ५०० | | | |
| ९ | विज्ञापन होडिङ बोर्ड वाफत | प्रति वर्ग फिट १०० | | | |
| १० | वन रोयल्टी काठ प्रति क्यु. फिट | २०० | | | |
| ११ | आल्लोको लोताको प्रति केजी | रु.१ | | | |
| १२ | पानी घट्ट कर (सार्वजनिकलाई मात्र/सार्वजनिक भन्नाले व्यक्तिले भाग उठाएर नाफा कमाउने घट्टलाई बुझिनेछ) | १००० | व्यवसाय | | |
| १३ | कृत्रिम गर्भाधान सेवा शुल्क | -बाख्रा १००<br>-गाई १००<br>-भैंसी १०० | | | |
| १४ | मेला महोत्सव व्यापारी स्टल/ पसलबाट प्रति दिन शुल्क | १०० | | | |

## २) सिफारिस दस्तुर संकेत नम्बर १४२४३

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| १ | आर्थिक अवस्था कमजोर विपन्नता प्रमाणित गर्ने | निःशुल्क | | |
| २ | आर्थिक अवस्था सम्पन्नता प्रमाणित | १००० | | |
| ३ | आम्दानी सम्पति प्रमाणित व्यक्तिको हकमा | रु. २० लाख सम्मको | १०० | |
| | | रु.४० लाख सम्मको | २०० | |
| | | रु.४१ लाख देखि रु.१ करोड सम्म | ५०० | |
| | | रु.१ करोड भन्दा माथि | १००० | |
| ४ | नागरिकता प्रतिलिपि सिफारिस | -वंसज १५०<br>-अंगिकृत १००० | | |
| ५ | सम्पति घर जग्गा मूल्याङ्कन | कुल मूल्याङ्कन रकमको ०.०५% | | |
| ६ | नागरिकता सिफारिस बंशज | १५० | | |
| ७ | योजना सम्पन्न भई खाता बन्द सिफारिस | ५०० | | |
| ८ | नागरिकता सिफारिस अंगिकृत | १००० | | |
| ९ | मोही लगत कट्टाको सिफारिस (१ रोपनी सम्मको) | १०० | | |
| | मोही लगत कट्टाको सिफारिस ( १ रोपनी भन्दा माथिको) | २०० | | |
| १० | घर कायम सिफारिस (पक्की घर) | प्रति वर्ग फिट रु.३ | | |
| | घर कायम सिफारिस (कच्ची घर) | प्रति वर्ग फिट रु. २ | | |

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| ११ | मिलापत्र कागज गराउने निवेदन दर्ता सिफारिस | २०० | | |
| | जग्गाधनी पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | | |
| १२ | जग्गा रेखाङ्कन कार्य/ सो कार्यमा रोहबर | १०० | | |
| १३ | अमिन सेवा शुल्क (जग्गा रेखाङ्कन/नापँजाच) | २००० | | |
| १४ | निशुल्क तथा सशुल्क स्वास्थ्य उपचार सिफारिस | -निःशुल्क<br>-२०० | | |
| १५ | जग्गाधनी प्रमाण पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | | |
| १६ | तीन पुस्ते प्रमाणित सिफारिस | २०० | | |
| १७ | फरक फरक नाम थर जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | | |
| १८ | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारिस | २०० | | |
| १९ | अस्थायी बसाईसराइ सिफारिस | १५० | | |
| २० | स्थायी बसाईसँराइ सिफारिस | १५० | | |
| २१ | आन्तरिक बसाईसराइ सिफारिस | १५० | | |
| २२ | कित्ता काट गर्न सिफारिस गर्ने प्रतिकित्ता | १०० | | |
| २३ | **घर जग्गा नामसारी सिफारिस** | | | |
| | ५ रोपनी सम्मको | १०० | | |
| | ५ देखि १० रोपनी सम्मको | १५० | | |
| | १० रोपनी देखि २० रोपनी सम्मको | २०० | | |
| | २० रोपनी देखि ५० रोपनी सम्मको | ३०० | | |
| | ५० रोपनी भन्दा माथिको | ५०० | | |

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| २४ | व्यवसाय दर्ता सिफासिस( अन्य निकायलाई गा पा बाट दिनु परेमा मदिरा बाहेकका व्यवसाय) | १००० | | |
| २५ | मृतक संगको नाताप्रमाणित तथा सर्जिमिन सिफारिस गर्ने | १०० | | |
| २६ | कोठा खोल्न/ रहोभर कार्य सिफारिस | २०० | | |
| २७ | स्वास्थ्य उपचार सिफारिस | -निशुल्क उपचारको लागी — निःशुल्क<br>- सशुल्क उपचारका लागी २०० | | |
| २८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | २०० | | |
| २९ | सूचिकृत शुल्क | गा.पा.भित्र कार्यक्षेत्र निःशुल्क | | |
| ३० | आमा,महिला, सहकारी लगायत अन्य समुह तथा क्लब | -दर्ता ५००<br>-नविकरण ३००<br>-प्रतिलिपि २०० | | |
| ३१ | कृषि, पशु फर्म/आमा महिला समुह तथा मन्दिर समिति | -दर्ता ५००<br>-नविकरण ३००<br>-प्रतिलिपि २०० | | |
| ३२ | कृषि तथा पशुपंक्षी पालन फर्म दर्ता सिफारिस (गा.पा. बाहिर) | ११०० | | |
| ३३ | बैङ्क तथा वित्तिय सिफारिस | १००० | | |
| ३४ | उद्योग, व्यापार र व्यवसाय ठाउँ सारी गर्ने सिफारिस | २०० | | |
| ३५ | जिवित रहेको सिफारिस गर्ने | २०० | | |

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | |
| ३६ | एकल महिला, अपाङ्ग, दलित,ज्येष्ठ नागरिक लक्षित कार्यक्रम संचालन एवं शिविर संचालनका लागी सिफारिस | -पालिका भित्रका व्यक्ति संघ संस्थाले मागेमा ३०० -पालिका बाहिरका व्यक्ति संघ संस्थाले मागेमा ५०० | | |
| ३७ | विदेशका अध्ययनका लागि सिफारिस | -सार्क मुलुक भित्र १००० -सार्क मुलुक बाहिर ३००० | | |
| ३८ | यस गाउँपालिकाबाट कर, दस्तुर, महशुल आदि बुझाएको भनि लिएको प्रमाणपत्रहरु हराएमा प्रतिलिपि प्रमाणपत्र लिन | ३०० | | |
| ३९ | उल्लेखित बाहेकका अन्य सबै प्रकारका सिफारिस तथा प्रमाणित गर्नु पर्ने भएमा | ३५० | | |
| ४० | सार्वजनिक स्थलमा धुम्रपान गरेमा | ३०० | | |
| ४१ | सार्वजनिक स्थलमा जुवातास खेलेमा | -सर्वसाधारण व्यक्ति १००० -सार्वजनिक पद धारण गरेको व्यक्ति २५०० | | |
| ४२ | खुल्ला दिशा-पिसाब गरेमा | -सर्वसाधारण व्यक्ति २०० -सार्वजनिक पद धारण गरेको व्यक्ति १००० | | |
| ४३ | मदिरा सेवन गरि होहल्ला गरेमा, झैझगडा गरेमा,समाजमा हिंसाजन्य कार्य गरेमा | ३०००(सो कार्य दोहोर्याउदै गरेमा थप २० प्रतिशतका दरले थप हुदै जाने | | |
| ४४ | धारा तथा विद्युत जडानका लागि सिफारिस (व्यक्तिगत/) | २०० | | |

| सि. नं. | विवरण | रकम रु | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| ४५ | धारा तथा विद्युत जडानका लागि सिफारिस (संस्थागत) | १००० | | |
| ४६ | चारकिल्ला प्रमाणित दस्तुर (प्रति कित्ता) | १५० | | |
| ४७ | अवैध मदिरा विक्रिवितरण गरेमा, निर्धारित समय दिउँसो ४ बजे देखि बेलुका ९ बजे सम्म भन्दा अन्य समयमा मदिरा विक्रि विवरण, सार्वजनिक स्थल, कार्यालय, मठ मन्दिरको २०० मिटर आसपासमा मदिरा विक्रि वितरण गरेमा, १८ वर्ष मुनिकालाई विक्रि वितरण गरेमा लगायत अन्य प्रचलित ऐन कानून विपरित गरेमा | ८०००० (दोहोऱ्याउँदै गएमा थप २० प्रतिशतका दरले दण्ड जरिवाना बढ्दै जाने | | |
| ४८ | घरबाटो प्रमाणित सिफारिस दस्तुर | -बाटो भएको २५०<br>-बाटो नएको १५० | | |
| ४९ | जग्गा दर्ता सिफारिस दस्तुर | ३०० | | |
| ५० | छात्रबृति सिफारिस दस्तुर | १५० | | |
| ५१ | विपन्न विद्यार्थी छात्रवृती सिफारिस दस्तुर | निःशुल्क | | |
| ५२ | अपाङ्ग विद्यार्थी छात्रवृती सिफारिस दस्तुर | निःशुल्क | | |
| ५३ | अपाङ्गता सिफारिस | नःशुल्क | | |
| ५४ | जग्गा मूल्याङ्कन सिफारिस दस्तुर | रु.१००मा रु.१ का दरले | | |
| ५५ | घर सम्पन्न सिफारिस/प्रमाणित | -पक्की घर १५००<br>-कच्ची घर १००० | | |
| ५६ | सर्जिमिन सिफारिस दस्तुर | २०० | | |
| ५७ | व्यवसाय बन्द सिफारिस | २०० | | |
| ५८ | व्यवसाय संचालन नभएको सिफारिस | २०० | | |

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| ५९ | व्यापार व्यवसाय नभएको सिफारिस | २०० | | |
| ६० | कोर्ट फि मिनाहा सिफारिस | निःशुल्क | | |
| ६१ | नाबालक परिचयपत्र सिफारिस ( असहाय, विपन्न परिवारका नाबालकहरुलाई निःशुल्क) | १०० | | |
| ६२ | विद्यालय ठाउँसारी सिफारिस | १००० | | |
| ६३ | चौपाय सम्बन्धि सिफारिस | १०० | | |
| ६४ | विद्यालय संचालन स्वीकृती/कक्षा वृद्धि तथा थप विषय सिफारिस | -सामुदायिक ५००<br>-निजी,बोर्डिङ ४००० | | |
| ६५ | विद्यालय लगायत सरकारी संघ संस्थामा स्थायी, अस्थायी, करार,ज्यालादारी शिक्षक कर्मचारी नियुक्ती सिफारिस | ४०० | | |
| ६६ | शिक्षक सरुवा सिफारिस | ५०० | | |
| ६७ | तलब भत्ता प्रमाणित सिफारिस | १०० | | |
| ६८ | ग्रेडसिट प्रतिलिपि | १०० | | |
| ६९ | पाना नंम्बर माग सिफारिस | १०० | | |
| ७० | कृषि तथा पशुपालन प्रस्ताव पेस सिफारिस | १०० | | |
| ७१ | जलस्रोत दर्ता ताथा नविकरण सिफारिस वडाबाट | २०० | | |
| ७२ | व्यक्तिगत विवरण सिफारिस/नविकरण/वायोडाटा प्रमाणित | २०० | | |
| ७३ | अंग्रेजी सिफारिस तथा प्रमाणित | ३०० | | |
| ७४ | नेपाल सरकारको नाममा बाटो सिफारिस | ५०० | | |
| ७५ | संस्थागत सिफारिस | १००० | | |
| ७६ | जातिय पहिचान सिफारिस | २०० | | |

| सि.नं. | विवरण | रकम रु. |
| --- | --- | --- |
| ७७ | योजना सम्झौता सिफारिस (मार्मा गा.पा.को हकमा) | • १ लाख भन्दा कम- १०० <br>• १लाख भन्दा बढी ५ लाख भन्दा कम-२५० <br>• ५ लाख भन्दा बढी १० लाख भन्दा कम- ५०० <br>• १० लाख भन्दा बढी १५ लाख भन्दा कम-१००० <br>• १५ लाख भन्दा बढी २० लाख भन्दा कम- १५०० <br>• २० लाख भन्दा बढी ५० लाख भन्दा कम-२५०० <br>• ५० लाख भन्दा माथी-३००० |
| ७८ | उपभोक्ता समितिसँग योजना सम्झौता सिफारिस (संघ,प्रदेश र अन्य निकायको हकमा | • १ लाख भन्दा कम- १५० <br>• १ देखि ५ लाख सम्म- २५० <br>• ५ लाख देखि १० लाख सम्म- ५०० <br>• १० लाख देखि १५ लाख सम्मको- १००० <br>• १५ लाख देखि २० लाख सम्मको- १५०० <br>• २० लाख देखि ३० लाख सम्मको- २००० <br>• ३० लाख देखि ४० लाख सम्मको- ३००० <br>• ४० लाख देखि ५० लाख सम्मको- ४००० <br>• ५० लाख देखि ६० लाख सम्मको- ५००० <br>• ६० लाख देखि ७० लाख सम्मको- ६००० <br>• ७० लाख देखि ८० लाख सम्मको- ७००० <br>• ८० लाख देखि ९० लाख सम्मको- ८००० <br>• ९० लाख १ करोड सम्मको- ९००० |
| ७९ | योजना कार्य सम्पन्न सिफारिस (मार्मा गाउँपालिकाको हकमा) | • १ लाख भन्दा कम- १०० <br>• १ लाख भन्दा बढी ५ लाख भन्दा कम- ३०० <br>• ५ लाख भन्दा बढी १० लाख भन्दा कम- ५०० <br>• १० लाख भन्दा बढी १५ लाख भन्दा कम- ७०० <br>• १५ लाख भन्दा बढी २० लाख भन्दा कम- १००० |

| सि.नं. | विवरण | रकम रु. |
| --- | --- | --- |
| ७९ | क्रमशः | • २० लाख भन्दा बढी ५० लाख भन्दा कम- १५०० <br> • ५० लाख भन्दा बढी १ करोड भन्दा कम- ३००० |
| ८० | योजना कार्य सम्पन्न सिफारिस (संघ,प्रदेश र अन्य निकायको हकमा) | • १ लाख भन्दा कम- २०० <br> • १ लाख देखि ५ लाख सम्म- ५०० <br> • ६ लाख देखि १० लाख सम्म- १००० <br> • ११ लाख देखि १५ लाख सम्म- २००० <br> • १६ लाख देखि २० लाख सम्म- ३००० <br> • २१ लाख देखि ३० लाख सम्म- ४००० <br> • ३१ लाख देखि ४० लाख सम्म- ६००० <br> • ४१ लाख देखि ५० लाख सम्म- ८००० <br> • ५१ लाख देखि ६० लाख सम्म- १०००० <br> • ६१ लाख देखि ७० लाख सम्म- १२००० <br> • ७१ लाख देखि ८० लाख सम्म- १४००० <br> • ८१ लाख देखि ९० लाख सम्म- १६००० <br> • ९१ लाख देखि १ करोड सम्म- १८००० |
| ८१ | प्रदेश संघ र अन्य निकायबाट योजना माग सिफारिस | २०० |
| ८२ | सगोल प्रमाणित सिफारिस | २०० |
| ८३ | खाता संचालन सिफारिस | २०० |
| ८४ | परीक्षा दस्तुर | -का.स. ५०० <br> -सहायक चौंथो १००० <br> - सहायक पाचौं १२०० <br> -अधिकृत छैठौं १५०० |
| ८५ | व्यवसायमा पूजीँ थपका लागी सिफारिस | ५०० |
| ८६ | आवेदन प्रस्तावमाग रकम नखुलेको अवस्थाको सिफारिस | २०० |

### ३. सरकारी सम्पतीको वहालबाट प्राप्ट आय राजस्व संकेत नं.१४१५१

| सि.न. | विवरण | दर | अनुमानित संख्या | पुष्ट्याई | कै. |
|---|---|---|---|---|---|
| १ | मार्मा गाउँपालिकाको स्वामित्वमा रहेको टेन्ट हाउसको व्यक्तिगत प्रयोग गरे वाफत (प्रतिसेट) | ५०० | | | |
| २ | मार्मा गाउँपालिकाको स्वामित्वमा रहेको टेन्ट हाउसको संस्थागत प्रयोग गरे वाफत (प्रतिसेट) | १००० | | | |
| ३ | चमेनागृह/भोजनालय प्रति महिना | ५००० | | | |
| ४ | मार्मा गाउँपालिका वडा कार्यलयको (डिजे कुर्सी, सोलार बाट्री,हल) | ३०० | | | |
| ५ | एम्बुलेन्स प्रयोग वाफत | | | | कार्यविधि अनुसार |
| ६ | **गाउँपालिको एक्साभेटर भाडा** | | | | |
| | ❖ ब्रेकर प्रयोग प्रति घण्टा | २५०० | | | अन्य कार्यविधि अनुसार हुने |
| | ❖ बकेट प्रयोग प्रति घण्टा | २००० | | | |

### ४. अन्य प्रशासनिक सेवा शुल्क संकेत नं.१४२२९

| सि.न. | विवरण | दर | अनुमानित संख्या | पुष्ट्याई | कै. |
|---|---|---|---|---|---|
| १. | गा.पा. भित्रका निर्माण व्यवसायीहरुको (घ वर्गको ईजाजतपत्र प्राप्त) नामसारी | ५००० | | | |

**५. व्यक्तिगत घटना दस्तुरः सङ्केत नम्बरः** १४२४४

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| १ | व्यक्तिगत घटना दर्ता किताव हेरेको दस्तुर | २०० | | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ अनुसार |
| २ | जन्म दर्ता विलम्ब शुल्क पंजिकरण नियमावली अनुसार | २०० | | |
| ३ | मृत्यु दर्ता विलम्ब शुल्क पंजिकरण नियमावली अनुसार | २०० | | |
| ४ | बसाई सराई दर्ता विलम्ब शुल्क पंजिकरण नियमावली अनुसार | २०० | | |
| ५ | विवाह दर्ता विलम्ब शुल्क पंजिकरण नियमावली अनुसार | २०० | | |
| ६ | सम्बन्ध दर्ता विलम्ब शुल्क पंजिकरण नियमावली अनुसार | २०० | | |
| ७ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रतिलिपि | ५०० | | |

६. **नाता प्रमाणित दस्तुर** संङ्केत नम्बर १४२४३

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| १ | नाता प्रमाणित | २०० | | |
| २ | जन्म मिति प्रमाणित | १०० | | |
| ३ | विवाह प्रमाणित अविवाहित प्रमाणित | १०० | | |
| ४ | मृत्यु मिति प्रमाणित | १०० | | |
| ५ | घर पताल प्रमाणित | १५० | | |
| ६ | अपुताली प्रमाणित | २०० | | |
| ७ | जिवित संग नाता प्रमाणित गर्ने | २०० | | |
| ८ | हकवाला हकदार प्रमाणित गर्ने | १५० | | |

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अङ्ग्रेजी | |
| ९ | संरक्षक प्रमाणित सिफारिस (व्यक्तिगत) | ० | | |
| १० | संरक्षक प्रमाणित सिफारिस (संस्थागत) | ५०० | | |
| ११ | कागजी मञ्जुरी नामा प्रमाणित गर्ने | १५० | | |

**७. कानूनी सेवा शुल्क तथा दस्तुर**

**राजस्व सङ्केतः** १४२२१

| सि.नं. | विवरण | रकम रु. | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | |
| १ | न्यायिक समितिमा उजुरी दर्ता दस्तुर ( घरेलु हिंसा,महिला, बालबालिका,अपाङ्ग,जेष्ठ नागरिकको लागि निःशुल्क र अन्यको हकमा ३००) | ३०० | | |

**अनुसूची १२ (ख)**

**घर नक्सा पास दस्तुर**

**राजश्व संकेतः** १४२४२

| सि.नं. | विवरण | दररेट रु. | कैफियत |
|---|---|---|---|
| १ | बिटुले देखि पारिबगरसम्म सडक मार्ग आसपास १५० मिटर सम्म दाँया बाँया भएका व्यापारिक प्रयोजनमा आउने घर र आवासीय घर | प्रति वर्गफिटको रु.१० | |
| २ | बिटुले देखि पारिबगरसम्म सडक मार्ग आसपास १५० मिटर भन्दा बाहिरका र गा.पा. को अन्य क्षेत्रका घरहरु | प्रति वर्ग फिटको रु.५ | |

(ऐनको दफा १४ सँग सम्बन्धित)

**अनुसूची-१३**

**पर्यटन शुल्क**

**राजश्व सङ्केतः** १४१९१

**प्रदेश कानून बमोजिम हुनेछ**

| सि.नं. | पर्यटन शुल्क | दर | अनुमानित सङ्ख्या | पुष्ट्याँई | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |

**आज्ञाले**

धर्मेन्द्र जोशी

प्रमुख प्रशासकीय अधिकृत